प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

## बागमती प्रदेश

(प्रादेशिक योजना तथा अनुगमन शाखा)

हेटौंडा, मकवानपुर, नेपाल

प.सं. १३/०७७/७८, च.नं. ११५८

मिति: २०७७/१२/१२

**विषय: प्रदेश समपूरक र विशेष अनुदानका योजनाहरुको प्राप्त प्रस्तावका सम्बन्धमा।**

श्री स्थानीय तह (सबै ११९)
बागमती प्रदेश।

उपर्युक्त विषयमा आगामी आर्थिक वर्ष २०७८/७९ का लागि प्रदेश समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना/कार्यक्रमहरु प्रस्ताव आह्वनका लागि मिति २०७७/०९/२० मा यस मन्त्रालयको वेबसाईटमा सूचना प्रकाशित गर्नुका साथै सबै ११९ स्थानीय तहहरुलाई पत्राचार समेत गरिएको व्यहोरा अवगत नै छ। तत्पश्चात तोकिएको समयावधी (२०७७ फाल्गुन मसान्त) भित्र नै प्रस्ताव पेश गर्नका लागि यस मन्त्रालयको चलानी नं १०८५, मिति २०७७/११/१९ को पत्रबाट ताकेता समेत गरिएको छ।

प्रदेश समपूरक अनुदान कार्यविधी २०७७ र प्रदेश विशेष अनुदान कार्यविधी २०७७ को अधिनमा रही प्रस्ताव पेश गर्नका लागि अनुरोध भएकोमा केही स्थानीय तहहरुबाट प्राप्त प्रस्तावहरु कार्यविधीमा तोकिएको ढाँचामा नहुनुका साथै संलग्न हुनुपर्ने सबै कागजातहरु समेत नपठाइएको अवस्था छ।

अतः कार्यविधीमा तोकिएको ढाँचा अनुरुप तपसिल बमोजिम बुँदाहरुलाई ध्यानमा राखी चैत्र २० भित्र कार्यविधीको ढाँचा बमोजिम प्रस्ताव परिमार्जन गरी पठाउनुहुन यस मन्त्रालयको मिति २०७७/१२/१२ को निर्णयानुसार अनुरोध छ।

१. प्रदेश समपूरक अनुदान कार्यविधी, २०७७ को दफा ३ को उपदफा ३ मा गाउँपालिकाबाट कार्यान्वयन गर्ने आयोजनाका लागि १ करोड देखि २ करोड, नगरपालिकाको हकमा २ करोड देखि ३ करोड र उपमहानगरपालिका र महानगरपालिकाको हकमा ३ करोड देखि ४ करोड बजेट सिमा तोकिएको हुनाले सोही बजेट सीमाभित्र रही कार्यक्रम प्रस्ताव गर्ने।

२. प्रदेश विशेष अनुदान कार्यविधी, २०७७ को दफा ३ को उपदफा ३ मा विशेष अनुदानका आयोजना/कार्यक्रमको लागत अनुमान २० लाख देखी अधिकतम १ करोड हुनुपर्ने व्यवस्था भएकोमा सोही बजेट सीमाभित्र रही कार्यक्रम प्रस्ताव गर्ने।

३. प्रस्ताव गरिने सबै कार्यक्रम/योजनाहरुको हकमा अनिवार्य रुपमा अनुसूची २ बमोजिमको कार्ययोजना ढाँचा समेत संलग्न गरी पठाउने।

४. स्थानीय तहले समपूरक अनुदान र विशेष अनुदान माग गर्ने सम्बन्धमा गरिएको कार्यपालिका बैठकको निर्णय समेत अनिवार्य रुपमा संलग्न गरी पठाउने।

५. आयोजना/कार्यक्रमको अनुमानित कुल लागत अनिवार्य रुपमा पठाउनुपर्ने। कार्यक्रम/आयोजनाको लागि तयार गरिएको लागत अनुमान बमोजिमको रकम नै समपूरक र विशेष अनुदान कार्यविधीको अनसूची १ अनुसारको निवेदनको ढाँचाको बुँदा नं ६ मा उल्लेख गर्नुपर्ने।

६. एक भन्दा बढी आयोजना/कार्यक्रमहरु प्रस्ताव गरिएको हकमा स्थानीय तहहरुले योजनाहरुको प्राथमिकिकरण समेत गरी पठाउनुपर्ने।

फोन : ०५७-५२७५१८/५२०, Email: planning.moeap3@gmail.com, moeap@bagamati.gov.np,
URL: moeap.bagamati.gov.np,

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
बागमती प्रदेश
(प्रादेशिक योजना तथा अनुगमन शाखा)
हेटौंडा, मकवानपुर, नेपाल

प.सं. १३/०७७/७८, च.नं. मिति: २०७७/१२/१२

७. आयोजना/कार्यक्रमहरु प्रस्ताव गर्दा कार्यविधीको दफा ३ मा तोकिएको समपूरक अनुदान प्रदान गरिने क्षेत्र र विशेष अनुदान प्रदान गरिने क्षेत्रको अधिनमा रही प्रस्ताव गर्नुपर्ने।

८. समपूरक अनुदानका आयोजनाहरु प्रस्ताव गर्दा प्रदेश समपूरक अनुदान कार्यविधी, २०७७ को दफा ३ को उपदफा ४ बमोजिम बढीमा दुई वर्षभित्र सम्पन्न हुने आयोजनाहरु मात्र प्रस्ताव गर्नुपर्ने। साथै कार्यविधीको दफा ६ को उपदफा १(झ) बमोजिम कार्यान्वयन अवधि दुई वर्ष भएका आयोजना/कार्यक्रमको हकमा प्रत्येक आर्थिक वर्षका लागि आवश्यक पर्ने रकमको विवरण समेत समावेश गर्नुपर्ने।

९. प्रदेश समपूरक अनुदान कार्यविधी, २०७७ र प्रदेश विशेष अनुदान कार्यविधी, २०७७ को अधिनमा रही प्रस्ताव नभएको आयोजना/कार्यक्रमहरुलाई छनौट नगरिने।

२०७७/१२/१२
..................
(विपीन राई)
शाखा अधिकृत

बोधार्थ:
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेश ।
श्री प्रदेश नीति तथा योजना आयोग, बागमती प्रदेश ।

फोन : ०५७-५२७५१८/५२०, Email: planning.moeap3@gmail.com, moeap@bagamati.gov.np,
URL: moeap.bagamati.gov.np,